दक्षिणकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाण्डौ, बागमती प्रदेश

प.स : २०७९/२०८०
च.नं. शिक्षा - १८

मिति : २०७९/०४/३०

विषय : खेलकूदका संस्थाहरुलाई दर्ता/आवद्धता सम्बन्धी १५ दिने सूचना ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उप दफा (१) को अधिनमा रही यस नगरपालिकाले जारी गरेको युवा तथा खेलकूद विकास कार्यविधि,२०७७ बमोजिम यस नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका खेलसँग सम्बन्धित संघसंस्था, क्लव र नयाँ दर्ता हुने खेलकूदका संस्थाहरु समेतले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल बमोजिम कागजात संलग्न राखी संस्था दर्ता वा आबध्दताका लागि रीतपूर्वकको निवेदन शिक्षा, युवा तथा खेलकूद शाखामा दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ । साथै समय भित्र निवेदन दर्ता नगर्ने संघ/संस्थालाई खेलकूद संम्बन्धी कुनै पनि कियाकलापमा सहभागी गराउन नसकिने व्यहोरा समेत सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

तपशिल

१. निवेदन

२. संस्थाको विधान

३. अन्यत्र दर्ता भई सकेको तर नगरपालिकामा आवद्धता नभएको संघ, संस्था र क्लवको हकमा – निवेदन, संस्थाको विधान, लेखा परीक्षण प्रतिवेदन , संस्था दर्ताको प्रमाणपत्र, कर चुक्ताको रसिद आ.व २०७७/२०७८ सम्मको )

४. संस्था ठाउँ सारी भइ आएको भए सो को निस्सा ।

४/२९

जनार्दन रिजाल

उप सचिव